धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २१ ◆ २०८३ साउन २१ गते बिहीबार, Thursday, August 6, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एनओसीद्वारा टेक्निकल अफिसर समसुद्दिनको विदाइ

काठमाडौं। उज्बेकिस्तानको तासकेन्टमा हुने एसियन युथ तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपमा इन्टरनेसनल टेक्निकल अफिसरको भूमिका निर्वाह गर्न सिद्दिकी समसुद्दिन त्यसतर्फ प्रस्थान गर्ने हुनुभएको छ।

नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठले सिद्दिकीलाई बुधबार सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो। प्रतियोगिता यही साउन २२ देखि २९ गतेसम्म हुँदैछ। एनओसी अध्यक्ष श्रेष्ठले टेक्निकल अफिसरहरू खेलकुदको महत्त्वपूर्ण खम्बा भएको बताउनुभयो। "खेलाडीहरू सबैको केन्द्रमा रहन्छन् तर खेलकुदको विकासमा प्राविधिक जनशक्तिहरू टेक्निकल अफिसर, रेफ्री, प्रशिक्षक, मेनेजर र अन्य सहयोगीको पनि उत्तिकै भूमिका रहेको हुन्छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो। नेपाल भारोत्तोलन सङ्घको निरन्तर प्रयासले नेपालका टेक्निकल अफिसियलहरूले लगातार अन्तराष्ट्रिय स्तरमा आफ्नो क्षमता देखाउन सफल भएको बताउनुभयो।

## सबैभन्दा बढी वर्षा रौतहटमा

काठमाडौं। मनसुनी गतिविधि जारी रहे पनि अगस्ट महिनासम्म आइपुग्दा यस वर्ष औसतभन्दा कम वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा देशभर औसत १५.७ मिलिमिटर वर्षा मापन भएको छ।

विभागका अनुसार देशका ४२९ वर्षा मापन केन्द्रमध्ये २११ केन्द्रमा वर्षा भएको छ। पछिल्लो २४ घण्टामा सबैभन्दा बढी रौतहटको सङ्गोलीमा १०८.२ मिलिमिटर वर्षा मापन गरिएको छ।

यस अवधिमा सबैभन्दा बढी अधिकतम तापक्रम सिरहाको लहानमा ३६.० डिग्री सेल्सियस र सबैभन्दा कम न्यूनतम मनाङको हुम्डेमा १०.० डिग्री सेल्सियस तापक्रम रेकर्ड गरिएको विभागले जनाएको छ। विभागका अनुसार अगस्ट महिनाको औसत वर्षा ४३७.६ मिलिमिटर रहेकोमा हालसम्म जम्मा ५८.२ मिलिमिटर वर्षा मात्र मापन भएको छ। हाल मनसुन सक्रिय रहेकाले आगामी केही दिन देशका विभिन्न स्थानमा वर्षा हुने सम्भावना रहेको विभागले जनाएको छ। विभागले वर्षासँगै नदी तथा खोला आसपासका क्षेत्रमा सतर्कता अपनाउन तथा मौसमसम्बन्धी नियमित सूचना अनुशरण गर्न सर्वसाधारणलाई आग्रह गरेको छ।

## भेटनरी अस्पताल सप्तरीका प्रमुख दाससहित दुई जनामाथि आरोपपत्र दायर

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राजविराजका कार्यालय प्रमुख डा रामपवित्र दाससहित दुई जनालाई घुस लिई भ्रष्टाचार गरेको आरोपमा बुधबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ।

कार्यालय प्रमुख दास र हलुका सवारीचालक भोगेन्द्र यादवले भ्याक्सिनेटर हरूबाट सेवा उपलब्ध गराएबापतको पाउनुपर्ने भुक्तानी रकमको २० प्रतिशत कमिसनबापतको घुस माग गरेको सूचना एवं उजुरीको आधारमा आयोगको टोलीले दुवै जनालाई घुसबापतको रु एक लाख ३२ हजार ३५० रकमसहित नियन्त्रणमा लिएको थियो।

कार्यालय प्रमुख दासले सवारी चालक यादवसँगको मिलेमतो तथा योजनामा भुक्तानी रकमको कम्तीमा २० प्रतिशत रकम घुस र रिसवत चाहिने भनी बार्गेनिङ गरी/गराई घुस बुझाउनुपर्ने गरी मोलाहिजा एवं बाध्यतामा पारेर घुसबापतको सो रकम लिइरहेको अवस्थामा नियन्त्रणमा लिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो। दुवै जनालाई आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले घुससहित नियन्त्रणमा लिएको थियो। आयोगले दुवैजनामाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

## समस्याग्रस्त शिव शिखर र पशुपति सहकारीका ४२ जना बचतकर्ताले पाए रकम फिर्ता

काठमाडौं। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर र पशुपति सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ।

समितिका सदस्य सचिव रविन ढकालअनुसार शिव शिखर सहकारीका १४ जना र पशुपति सहकारीका २८ जना बचतकर्ताले रकम फिर्ता पाएका हुन्।

सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ। समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचत-कर्ताहरूलाई रकम फिर्ता गरिएको हो। यसरी नै क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ।

समस्याग्रस्त विभिन्न सहकारी संस्थाहरूबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्ताहरूलाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रूपमा सञ्चालन भइरहेको छ।

# चितवनदेखि डडेलधुरासम्मका भूमिहीनलाई जग्गाधनी पुर्जा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। भूमि समस्या समाधान समितिले देशका विभिन्न जिल्लामा ९७ जनालाई जग्गाधनी पुर्जा वितरण गरेको छ।

समितिका अनुसार गत जेठ २० गतेदेखि हालसम्म भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासो भएकालाई ११२ कित्ता जग्गाको जग्गाधनी पुर्जा वितरण गरिएको हो। यसअन्तर्गत कूल ७२ हजार ७०६.०६ वर्गमिटर क्षेत्रफल बराबरको जग्गा वितरण भएको छ। लाभग्राहीमध्ये छ जना भूमिहीन दलित, ५८ जना भूमिहीन सुकुमवासी र ३३ जना अव्यवस्थित बसोबासो भएका छन्। भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि गत जेठ १९ गतेको मन्त्रिपरिषद् बैठकले भूमि समस्या समाधान समिति गठन गरेको थियो। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन तथा सुकुमवासीका समस्या समाधानमा सरकार गम्भीरतापूर्वक लागिरहेको बताउनुभएको छ। उहाँले लाभग्राहीको पहिचानदेखि जग्गा वितरण सम्मको प्रक्रियामा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक भएको बताउनुभयो।

समितिका सूचना अधिकारी सञ्जीवकुमार साहका अनुसार चितवनको इच्छाकामना गाउँपालिका-७ मा तीन जना भूमिहीन दलित र ३१ जना भूमिहीन सुकुमवासी गरी ३४ जनालाई यही साउन ८ गते ३५ हजार ४८८.३१ वर्गमिटर क्षेत्रफलका ३४ कित्ता जग्गाको जग्गाधनी पुर्जा प्रदान गरिएको छ। त्यसैगरी, बर्दियाको बढैयाताल गाउँपालिका-४ मा दुई जना भूमिहीन दलित र २७ जना भूमिहीन सुकुमवासी गरी २९ जनालाई साउन १८ गते ३९ हजार १६२.५१ वर्गमिटर क्षेत्रफलका ३२ कित्ता जग्गाको पुर्जा वितरण गरिएको छ। झापाको बुद्धशान्ति गाउँपालिका-४ मा पाँच जना अव्यवस्थित बसोबासीलाई गत असार २९ गते आठ कित्ता जग्गाको पुर्जा प्रदान गरिएको छ। उक्त जग्गाको कूल क्षेत्रफल चार हजार ३६०.२८ वर्गमिटर रहेको छ। झापाकै अर्जुनधारा नगरपालिका-११ मा साउन ७ गते १७ जना अव्यवस्थित बसोबासीलाई १७ वटा जग्गाधनी पुर्जा वितरण गरिएको छ। कनकाई नगरपालिका-४ मा एक जना भूमिहीन दलित र चार जना अव्यवस्थित बसोबासी गरी पाँच जनालाई साउन ८ गते १५ हजार ६२३.७३ वर्गमिटर क्षेत्रफलका सात कित्ता जग्गाको पुर्जा प्रदान गरिएको समितिले जनाएको छ। डडेलधुराको अजयमेरु गाउँपालिका-२ मा साउन १६ गते सात जना अव्यवस्थित बसोबासीलाई दुई हजार ४८२.२३ वर्गमिटर क्षेत्रफलका सात कित्ता जग्गाको पुर्जा वितरण गरिएको छ।

समितिका अनुसार उदयपुर, कञ्चनपुर, बर्दिया, धनुषा, डडेलधुरा, सर्लाहीलगायतका जिल्लामा पहिचान भएका ६०० भन्दा बढी भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई निकट भविष्यमा जग्गाधनी पुर्जा प्रदान गर्ने तयारी भइरहेको छ। सरकारले २०७७ सालमा भूमिसम्बन्धी समस्या समाधान आयोग, २०७८ सालमा राष्ट्रिय भूमि आयोग र २०८१ सालमा भूमि समस्या समाधान आयोग गठन गरेको थियो।

## न्यायाधीशलाई राजीनामा दिन दबाब पारिएको भन्ने प्रचार भ्रामकः गौतम

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सर्वोच्च अदालतका न्यायाधीशहरूलाई महाभियोग लगाउने वा राजीनामा दिन बाध्य पारिएको भन्ने प्रचार सत्य नभएको बताउनुभएको छ।

सिंहदरबारमा कानुन, न्याय तथा मानवअधिकार समितिको बुधबार भएको बैठकमा मन्त्री गौतमले एमनेस्टी इन्टरनेसनल र ह्युमन राइट्स वाचलगायत अन्तरराष्ट्रिय संस्थाले सर्वोच्च अदालतका न्यायाधीशलाई राजनीतिक दबाबले राजीनामा दिन बाध्य पारिएको भन्ने आशयले जारी गरेको संयुक्त प्रेस वक्तव्य भ्रामक भएको बताउनुभयो। आन्तरिक संवैधानिक विषयमा टिप्पणी गरी नेपाल सरकारमाथि तथ्यहीन आरोप लगाउनु उचित नभएकाले त्यस्तो सूचनाहरू हटाउन मन्त्री गौतमले अन्तरराष्ट्रिय संस्थाहरूलाई आग्रह गर्नुभयो। मन्त्री गौतमले गलत सूचना र आरोप पुष्टि हुने तथ्य र प्रमाण प्रस्तुत भए सरकार कानुनबमोजिम आवश्यक कारबाही अघि बढाउन प्रतिबद्ध बताउनुभयो।



बैठकमा सांसदहरूले स्वतन्त्र न्यायपालिकाको गरिमा र महत्त्वलाई कायम राख्न सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो। बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू प्रकाशचन्द्र परियारले अविच्छिन्न उत्तराधिकारवाला स्वतन्त्र संस्थाका रूपमा रहेको सम्मानित अदालतप्रतिको सम्मान र निष्ठामा कुनै प्रश्न उठ्न नहुने बताउनुभयो। सोही पार्टीका सांसद यज्ञमणि न्यौपानेले नेपालको न्यायपालिका कस्तो बनाउने, न्यायाधीशको योग्यता, क्षमता र महाधियोगको पद्धतिबारे निर्णय गर्ने अधिकार सार्वभौम संसद्को भएकाले भविष्यको चिन्ता कुनै विदेशी संस्था लिन नपर्ने बताउनुभयो। नेपाली कांग्रेसका सांसद गीता गुरुङले अन्तरराष्ट्रिय मानव अधिकारवादी संस्थालाई बोलाएर छलफल गर्नुपर्ने अवस्था आउन नहुने धारणा राख्नुभयो। सोही पार्टीका सांसद मनमाया विश्वकर्माले सार्वभौमसत्ताका लागि सबै एक ठाउँमा रहनुपर्ने र स्वतन्त्र न्याय-पालिकाको रक्षाका हुनुपर्ने बताउनुभयो। नेकपा (एमाले)का सांसद साजिदा खान सिद्धिकीले स्वतन्त्र न्यायपालिकाको गरिमालाई सबैले सम्मान गर्नुपर्नेमा जोड दिनुभयो। बैठकमा संविधानविद् डा विपिन अधिकारीले अन्तरराष्ट्रिय मानव अधिकार वादी संस्थाले नेपालको लोकतन्त्र र मानव अधिकारको स्थापनाका सवालमा महत्वपूर्ण योगदान रहेको स्मरण गर्नुभयो।

## लागुऔषधसहित विभिन्न स्थानबाट १६ जना पक्राउ

काठमाडौं। लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थ तथा चिकित्सकको सिफारिस बिना खरिद गर्न नमिल्ने लागुऔषधसहित विभिन्न स्थानबाट १६ व्यक्तिलाई पक्राउ गरिएको छ।

नाम पत्ता लगाउन बाँकी रहेका १८ वर्षीय किशोरलाई रोल्पा, माडी गाउँपालिका-२ घर्तीगाउँ बाट ४० मिलिग्राम, कैलाली, धनगढी उपमहानगरपालिका-२ विशालनगरबाट ९४ मिलिग्रामसहित दुई जना क्रमशः योगेश पाल र सुवास हमाल, कैलाली, टीकापुर नगरपालिका-१ खडकचोक बाट ६७० मिलिग्रामसहित मिन रावल, पाँचथर, फिदिम नगरपालिका-१ बरडाँडाबाट ४० मिलिग्रामसहित निराजन खतिवडालाई लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको हो। त्यसैगरी, कञ्चनपुर, बेलौरी नगरपालिका-१ खल्ला पिपल चौताराबाट ५५० मिलिग्रामसहित निशान्त तामाङ, बाँके, बैजनाथ गाउँपालिका-१ बाट ७३० मिलिग्राम र नगद रु ३६ हजार ९६५ सहित नाम खुल्न नसकेको १८ वर्षीय किशोर गत मङ्गलबार पक्राउ परेका हुन्।

त्यस्तै चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न मिल्ने स्पास्मो २४० ट्याब्लेट, ट्रामाडोल ९० ट्याब्लेट र स्पास्मो १५० ट्याब्लेट सहित बीर्खबहादुर नेपाली र कृष्ण लुहारलाई क्रमशः धनगढी उपमहानगर पालिक-३, सुर्खेत सिम्ता गाउँपालिक-६ रामकोट, मोरङ, बेलबारी नगरपलिका-१ सिसौलीबाट ट्रामाडोल ४९ ट्याब्लेट र स्पास्पेन ५० ट्याब्लेटसहित विकास रौनियारलाई मङ्गलबार पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ।

केन्द्रीय प्रहरी समाचारकक्षले चितवन, रत्ननगर नगरपालिका-७ लौखानीबाट अवैध लागुऔषध ५०० ग्राम गाँजा र नगद रु एक लाख २९ हजार ५२५ सहित दीपक महतो र निजका छोरा राहुल महतोलाई मङ्गलबार पक्राउ गरिएको जानकारी दिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइन्छ।

## सम्पादकीय ....

### राम्रो कामको विकल्प छैन

सुनसरीको देवानगन्जबाट अचानक सुरु भएको दङ्गा सुनसरी र मोरङ हुँदै मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र पर्सासम्म फैलिएर चर्को रूप लियो । अहिले दङ्गा नियन्त्रणमा लिइएको छ । समयमै नियन्त्रण गर्न नसकेको भए यसले देशव्यापी रूप लिन सक्थ्यो । यसले सबैको भलो भयो । दुवै समूहबिच झडप हुन लागेकाले नियन्त्रण गर्न सरकार ले अवस्था अनुसार निषेधाज्ञा र कर्फ्यु जारी गरेको थियो ।

यतिबेला आन्दोलन रोकिएर शान्ति पदयात्रा र सद्भाव भेला भइरहेका छन् । स्थानीय प्रशासनले आफ्नो जिम्मेवारी निर्वाह गरिरहेको छ । यसै क्रममा दुई बटुवा आपसमा भनिरहेका थिए, नेपालमा सधैँ आन्दोलन र दङ्गा भइरहन्छ, यस्तै भइरहने हो भने कहिले शान्ति आउला र देशले कहिले विकास गर्ला ? यो आवाज उनीहरूको मात्र नभएर सरकार र हामी सबैको हुनु पर्छ । अनि मात्र अहिले आएको शान्ति स्थायी हुन सक्छ ।

यो आन्दोलन नियन्त्रण गर्न सुरुदेखि अहिलेसम्म राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सक्रिय हुनुभयो । राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर अवस्थाको जानकारी गराउनु, प्रधानमन्त्रीलाई घचघच्याउनु, सर्वदलीय बैठक बोलाउनु र सातबुँदे संयुक्त प्रेस विज्ञप्ति प्रकाशन गराउनेसमेतमा उहाँको सक्रियता छ । यो कामको अहिले चौतर्फी प्रशंसा भइरहेको छ । यस्ता कामले राष्ट्र र उहाँको दललाई मात्र हित हुने नभई उहाँ स्वयंको राजनीतिक भविष्यका लागिसमेत सकारात्मक रहेको सबैले अनुभूत गरिरहेका छन् । यस कार्यमा प्रधानमन्त्री शाहको भूमिका सकारात्मक र महत्वपूर्ण छ । शीतल निवास गएर औपचारिक रूपमा राष्ट्रपति रामचन्द्र पौडेललाई मुलुकको वर्तमान अवस्था अवगत गराउनु र उपराष्ट्रपति रामसहायप्रसाद यादवलाई फोनबाट जानकारी दिनु, दलहरूको बैठक गर्नु र सम्बन्धित क्षेत्रका सांसदको बैठक गरेर स्थलगत गएर सबैसँग छलफल गरेर शान्ति सुव्यवस्थामा सहयोग गर्न निर्देशन दिनेसमेतका काम गरेर यस पटक प्रमले थप जस कमाउनुभएको छ ।

प्रमुख प्रतिपक्षी दलका नेता गगन थापा, विपक्षी दलका नेता केपी शर्मा ओली, पुष्पकमल दाहाल र मधेशवादी दलका नेतासमेतले यी घटना शान्त पार्न महत्वपूर्ण सहयोग गर्नुभएको छ । यसरी यस पटक दलहरूको समेत अनुपम एकता देखिएको छ । यसबाट के पनि अनुभूत गरिएको छ भने दलका नेता देशमा सङ्कट आउने अवस्थामा देश र जनताको हितका लागि एक भएर समस्या समाधान गर्ने रहेछन् भन्ने पुष्टि भएको छ ।

दुई तिहाइनजिक मत ल्याउनुभएका प्रधानमन्त्रीले जनतालाई सम्मान नगर्ने कुरै भएन । उनी जनतासँग जोडिएको महत्वपूर्ण अङ्ग नागरिक समाज, जसको सरकार निर्माण र सञ्चालनमा अहम् भूमिका रहेको हुन्छ । शाहलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेकाले गत निर्वाचनमा कसैले नसोचेको ऐतिहासिक मत आएको हो ।

यस्तो अवस्थामा अब कर्मचारीले मात्र होइन, झन् नेताले समग्रमा जनता र देशको हितमा राम्रो काम गर्नुको विकल्प छँदै छैन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## हिमाल चढ्ने रहर, सुरक्षित फर्कने चुनौती

राजु सिलवाल

विश्वमा तीव्र गतिको आरोहणमा विशिष्ट पहिचान बनाउन सफल निम्स दाइको नामले परिचित कीर्तिमानी आरोही निर्मल पुर्जासहित नेपाली तथा अन्य मुलुकका १० पर्वतारोहीको पाकिस्तानस्थित 'ब्रोड पिक' हिमालमा हिमपहिरोमा परी दुःखद निधन भएपछि हिमालमा सुरक्षासम्बन्धी सन्दर्भ बहसको विषय बन्न पुगेको छ । निर्मल पुर्जाका सहयात्री पुरबहादुर गुरुङ युक्ताले सगरमाथा १० पटक आरोहण गर्नुका साथै विश्वका आठ हजार मिटर अग्ला १२ वटा हिमाल चढिसकेका थिए । यसपालि पनि हिमालमा ज्यानको बाजी थाप्दै कठोर परिस्थितिको सामना गर्दै आएका यी साहसीको प्रकृतिका अघि कुनै जोर चलेन । यो घटनाले विश्वमै हिमाली गतिविधिको केन्द्र मानिएको नेपाल जस्तो मुलुकलाई अझ बढी क्षति पुऱ्याएको छ ।

विगतमा झण्डै आठ वर्ष लगाएर विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमालको आरोहण गरी दक्षिण कोरियाका किम चाङ होले बनाएको विश्व कीर्तिमान छ महिना छ दिनमै भङ्ग गर्न सफल आरोही निर्मल पुर्जाका लागि आठ हजार ४७ मिटर अग्लो ब्रोड पिक हिमाल कुनै नौलो थिएन ।

उनले १० नेपालीसँगै हिउँदमा पहिलोपटक विश्वको दोस्रो अग्लो शिखर के टू हिमाल चढेर विश्व कीर्तिमान स्थापित गरेका थिए । उनले अन्य थुप्रै विश्व कीर्तिमानहरु समेत बनाइसकेका छन् । त्यस्ता अनुभवी पर्वतारोहीको हिमालमै अवसान हुनु सामान्य प्रसङ्ग होइन । सोही दुर्घटनामा अन्य अनुभवी आरोहीले पनि हिमालमै प्राण त्याग्नु परेको थियो ।

नेपालका हिमालहरु कैयौं दशक अघिदेखि नै विश्वभरिका पर्वतारोही तथा साहसिक पर्यटकहरुका लागि आकर्षक गन्तव्य बन्दै आइरहेका छन् । हरेक वर्ष हजारौं स्वदेशी तथा विदेशी आरोहीहरु विश्वको सर्वोच्च शिखर तथा अन्य विभिन्न हिमाल आरोहणमा संलग्न हुने गरेका छन् । पर्वतीय पर्यटनबाट मुलुकले उल्लेखनीय आर्थिक लाभ प्राप्त गरिरहेको छ तर हिमालप्रतिको बढ्दो आकर्षणसँगै हिमाली क्षेत्रमा दुर्घटनामा परेर कैयौं पर्वतारोहीले ज्यान गुमाएका छन् । गत वसन्त ऋतुमा सगरमाथा र मनास्लु हिमालमा गरी सात जनाको निधन भएको थियो । यस्तै मौसमजन्य जोखिम, उद्धारको चुनौती र उचित सुरक्षा व्यवस्था पनि गम्भीर मानिएका छन् । हिमाललाई सुरक्षित गन्तव्यका रुपमा स्थापना गर्न जोखिमप्रतिको सचेतता तथा प्रभावकारी सुरक्षा प्रणाली अपरिहार्य बनेको छ ।

सुरक्षाका उपायहरु

हिमालमा पर्वतारोहीको सुरक्षाका लागि योग्यता र अनुभव महत्वपूर्ण मानिएको छ । पर्वतारोहीले पर्वतारोहणसम्बन्धी तालिम अनिवार्य रुपमा हासिल गरेको हुनुपर्ने तथा निश्चित उचाईका हिमाल आरोहण गरेपछि मात्र उच्च हिमाल चढ्ने अनुमति दिने व्यवस्था हुनु आवश्यक छ ।

प्रस्तावित पर्यटन विधेयकमा सगरमाथा आरोहणका लागि सात हजार मिटरभन्दा अग्लो कुनै नेपाली हिमाल आरोहण गरेको प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । आरोहण अनुमति पाउन स्वास्थ्य अनुमतिपत्र पनि अनिवार्य गरिएको छ ।

मौसमको भरपर्दो पूर्वानुमानको व्यवस्था, गुणस्तरीय उपकरणको प्रयोग पनि महत्वपूर्ण मानिन्छ । खोज तथा उद्धार टोलीलाई चौबिसै घण्टा सजग राख्दै सञ्चार प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । यस्तै सरकारी नीति नियम लागू गर्न सम्बन्धित निकायको सक्रियता पनि आवश्यक पर्दछ । यसक्रममा सुरक्षा मापदण्ड पालना नगर्नेलाई तत्काल कारवाही गर्न पछि पर्न हुँदैन ।

'ट्राफिक जाम'को सन्दर्भ

सगरमाथामा बेलाबखत 'ट्राफिक जाम' अर्थात् एकैपटक धेरै आरोहीहरुको भीड हुने गरेको सन्दर्भ पनि उठ्ने गर्दछ । एकै समयमा सगरमाथाको शिखरतर्फ प्रस्थान गर्ने मार्गमा आरोहीहरु भीड लागेको तस्बिर सार्वजनिक भएका छन् । यसै क्रममा सगरमाथालगायतका हिमालको बहन क्षमताबारे पनि चर्चा हुन थालेको छ । गत वसन्त ऋतुमा सम्पन्न पर्वतारोहण गतिविधि सम्बन्धमा केही दिनअघि आयोजित समीक्षात्मक छलफलमा सगरमाथालगायतका हिमालमा एकै याममा कति आरोहीलाई आरोहण गराउन सकिन्छ गहिरो र यथार्थपरक अध्ययनको आवश्यकता रहेको औंल्याइएको थियो ।

हिमालमा व्यवस्थापन गर्ने विषयमा विज्ञहरु भूगर्भविद्लगायतको सल्लाह र सुझावमा राज्यले नीति स्पष्ट पार्नुपर्ने अवस्था देखिएको छ । सगरमाथामा निर्धारित समयभित्र 'रोप फिक्सिङ' गरी शिखरसम्म जाने बाटो खुल्ला गर्न सकिएमा जति धेरै आरोही भए पनि फरक नपर्ने धारणा पनि सो कार्यक्रममा व्यक्त भएको थियो । हिमाल आरोहणबाट सरकार तथा व्यवसायी एवं श्रमिकहरुलाई फाइदा हुने हुँदा यसलाई ट्राफिक जामसँग तुलना गर्न नहुने तर्क पनि रहेको छ ।

हेलिकोप्टरको तयारी

विदेशी आरोहीहरु विभिन्न कीर्तिमान कायम गर्ने लक्ष्यका साथै सुरक्षित हिमाल आरोहणका लागि नेपाल आउन गरेका छन् । नेपालका अनुभवी तथा भरपर्दा पथप्रदर्शकहरु विदेशी आरोहीहरुका लागि प्रमुख आकर्षण बन्दै आएका छन् । नेपालमा आरोहण गर्न आउँदा हिमालमा २३ हजार फिटसम्म कुनै आपत्कालीन अवस्था परेमा हेलिकोप्टरबाट पनि उद्धार गर्न सकिने व्यवस्था भएकाले आरोहण अभियान सञ्चालनकर्ताहरु ढुक्क हुने गरेका छन् ।

हिमाली भेगमा हेलिकोप्टरबाट उद्धार गरिने 'लाइफलाइन रेस्क्यू'का लागि सीमित मात्रामा भए पनि उपकरण तथा जनशक्तिको उपलब्धताले पर्वतारोहीहरुलाई राहतको अनुभूति गराउने गरेको छ । विदेशमा यस्तै उद्धार गरिँदा पचासौं हजार डलर लागत पर्नेमा नेपालमा सुलभ मूल्यमा उद्धार गर्न सकिने अवस्था रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले हेलिकप्टरमा दुईजना पाईलटको व्यवस्था गरेपछि हेलिकोप्टरको क्षमता भएतापनि १८ हजार फिटभन्दा माथि एकजनाको मात्र उद्धार गर्न पाउने अवस्था रहेको छ ।

हिमालमै ज्यान गुमाएकाहरु

हिमालमा आरोहणका क्रममा निधन भएका आरोही तथा अन्य सहयोगीहरुको शव अहिले पनि विभिन्न हिमालमा देख्न सकिन्छ । शव उठाउने काम पनि उद्धार नै भएकाले त्यसलाई सहज बनाउनुपर्ने देखिएको छ । यसका लागि स्पष्ट नीतिको आवश्यकता महसुस गरिएको छ । सर्वोच्च अदालतले सगरमाथाको दोस्रो शिविरभन्दा माथिबाट हेलिकप्टरले मानवीय उद्धार मात्र गर्ने गरी आदेश दिएकाले मृतक आरोहीको शव ल्याउन कठिनाई भइरहेको छ । मृत शरीरलाई बेग्लै ढाँचा वा इन्सुरेन्सको प्याकेजबाट ल्याउन पहल गर्नु आवश्यक देखिएको छ ।

घट्दो पथप्रदर्शक

नेपालका हिमालप्रति आकर्षित भएर आउने विदेशी आरोहीहरुको सङ्ख्या बढे पनि त्यस्ता आरोहीलाई हिमाल चढ्दा बाटो देखाउने नेपाली पथप्रदर्शकहरुको सङ्ख्या भने दिनहुँ घटिरहेको छ । नेपाली युवाहरुको विदेशप्रतिको आकर्षणले पर्वतारोहण क्षेत्रमा पनि जनशक्ति घट्दै गएको छ । हिमालमा विभिन्न पेसामा काम गरी विदेश गएकाहरु कैयौं अन्य पेसामा समेत आबद्ध हुन पुगेको अवस्था रहेको छ भने केही नेपाली पथप्रदर्शकले विदेशका विभिन्न हिमालमा आरोहीहरुलाई मार्गनिर्देशन गर्ने कार्य गर्दै आइरहेका छन् । आगामी दिनमा पर्वतीय पथप्रदर्शकलगायत हिमालमा काम गर्ने अन्य श्रमिकहरु उचित मात्रामा उत्पादन गरेर यो क्षेत्रमा विदेशी श्रमिक भित्रिनसक्ने सम्भावनालाई रोक्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

धेरैपछि तालिम सञ्चालनको पहल

नेपाल पर्वतारोहण सङ्घले लामो समयदेखि पर्वतारोहीहरुका लागि आधारभूत र एडभान्स (विशिष्टीकृत) प्रशिक्षण प्रदान गर्दै आइरहेको थियो । हिमाल चढ्न अभिरुचि राख्नेहरुका लागि ती तालिमहरु अत्यन्त उपयोगी साबित मानिन्थ्यो तर कोभिड महामारीको विश्वव्यापी प्रकोपपछि यस्ता तालिम पुनः सञ्चालन हुन सकेका छैनन् । यसको असर पर्वतारोहणमा समेत पर्न गएको छ । यस्ता प्रशिक्षण नियमित रुपमा सञ्चालन गर्न सरकारले पनि सघाउनुपर्ने देखिएको छ । विगतमा मनाङमा रहेको पर्वतारोहण प्रशिक्षण स्कुलमा यस्ता तालिम दिने गरिएको थियो । त्यो स्कुलको भवन जीर्ण भएकाले पुनःनिर्माण गरेर फेरि तालिम सञ्चालन गर्न आवश्यक तयारी गरिएको छ । यो वर्ष एउटा तालिम सञ्चालन गरिने लक्ष्य राखिएको छ ।

नेपालका हिमालहरु राष्ट्रिय गौरवका आधार हुन् तर हिमालप्रतिको आकर्षणलाई मात्र केन्द्रविन्दुमा राखेर यसको दिगोपन सुनिश्चित हुन सक्दैन । बढ्दो आरोहण गतिविधिसँगै आरोही तथा आरोहणमा संलग्न अन्य सहयोगीहरुको सुरक्षाप्रति सचेत हुनु अत्यावश्यक देखिएको छ । संसारका विभिन्न मुलुकबाट नेपाललाई रोज्दै हिमाल चढ्न आएका आरोहीहरुलाई साहसिक अभियान सम्पन्न भएपछि सकुशल घर फर्काउने जिम्मेवारी समग्रमा नेपालकै हो । यस्तै आफ्नो ज्यान समेत जोखिममा राखेर अतिथिलाई सघाउँदै आएका साहसी नेपाली सहयोद्धाको सुरक्षा पनि त्यति नै महत्वपूर्ण हुन्छ । यसैले जिम्मेवार पर्यटन संस्कृतिलाई महत्व दिनु समयको माग हो । हिमालले अवसर मात्र नभई जिम्मेवारी पनि साथै ल्याउने तथ्यलाई सबै सरोकारवालाले आत्मसात् गर्नसके मात्र हिमाली पर्यटन सुरक्षित र दिगो बन्न सक्दछ ।

**जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं**

- **जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,**
- **जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,**
- **पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,**
- **अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,**
- **पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,**
- **पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,**
- **जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।**
- **जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं ।**

नेपाल सरकार,
**विज्ञापन बोर्ड**

## महानगरपालिका प्रमुखसँग नेपालका लागि इजरायली राजदूतको भेट



गण्डकी । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग नेपालका लागि इजरायलका राजदूत श्मुलिक एरीबासले बुधबार शिष्टाचार भेट गर्नुभएको छ ।

त्यसअवसरमा उहाँहरुबीच नेपाल-इजरायल सम्बन्ध, साझा हित, पर्यटन, कृषि, प्रविधिशिक्षा, रोजगारी प्रवर्द्धन लगायतका विषयमा छलफल भएको महानगरपालिकाले जनाएको छ ।

उहाँहरुबीच दुवै देशबीच पर्यटन तथा सांस्कृतिक आदान-प्रदानलाई विस्तार तथा पोखरा र इजरायलबीच सीधा हवाई उडान सञ्चालन सम्भावनाका विषयमा समेत विचारविमर्श भएको थियो ।

सो अवसरमा महानगर प्रमुख आचार्यले महानगरका कर्मचारी तथा प्राविधिक जनशक्तिको दक्षता र क्षमता अभिवृद्धिका लागि इजरायलसँग सहकार्य तथा नयाँ अवसरका लागि आवश्यक समन्वय गर्न राजदूतसँग आग्रह गर्नुभयो ।

उहाँले आधुनिक कृषि प्रविधि, सीप विकास, रोजगारी तथा प्राविधिक ज्ञान हस्तान्तरणका क्षेत्रमा दुई देशबीच सहकार्यको सम्भावना औँल्याउँदै प्रमुख आचार्यले पोखरालाई अन्तरराष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न इजरायलसँग पर्यटन, संस्कृति र हवाई सम्पर्कका क्षेत्रमा मिलेर काम गर्न सकिने धारणा व्यक्त गर्नुभयो । त्यस अवसरमा राजदूत एरीबासले इजरायलको आधुनिक कृषि प्रणाली सम्बन्धी 'लर्न एन्ड अर्न' कार्यक्रममार्फत इजरायल पुगेका नेपाली युवाले कृषि क्षेत्रमा ज्ञान, सीप र अनुभव हासिल गर्दै उल्लेखनीय प्रगति गरिरहेको बताउनुभयो। सो क्रममा कुराकानी गर्नुहुँदै उहाँले इजरायलको प्रविधिमैत्री र आधुनिक कृषि प्रणालीबाट नेपालले लाभ लिन सक्ने विश्वास व्यक्त गर्नुभयो ।

## विद्यार्थीलाई निरन्तर निर्वाचन शिक्षा

काठमाडौं । निर्वाचन आयोगले विद्यालय तहका विद्यार्थीमा लोकतान्त्रिक अभ्यास र निर्वाचन प्रक्रियाबारे जानकारी अभिवृद्धि गर्न निर्वाचन शिक्षा कार्यक्रमलाई निरन्तरता दिएको छ ।

आयोगको कार्यालय, बहादुर भवनमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्र (इइआसी)मार्फत सञ्चालित कार्यक्रमबाट मतदाता शिक्षा र निर्वाचनको महत्वबारे बुझाइएको हो । सो क्रममा बुधबार काठमाडौंको वनस्थलीस्थित विभूति विद्या मन्दिरका कक्षा १० का विद्यार्थी निर्वाचन शिक्षा कार्यक्रममा सहभागी भएका थिए ।

कार्यक्रममा विद्यार्थीलाई नेपालको निर्वाचन प्रणाली, मतदाता शिक्षा, आयोगको भूमिका, स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको महत्त्व र नागरिकको लोकतान्त्रिक दायित्वका विषयमा अभिमुखीकरण दिइएको आयोगले आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभयो ।

मङ्गलबार तारकेश्वर नगरपालिका, काठमाडौंका कक्षा १० का विद्यार्थीहरू नर्वाचन शिक्षा कार्यक्रममा सहभागी भएका थिए । उनीहरूलाई निर्वाचनसम्बन्धी आधारभूत अवधारणा, मतदान प्रक्रिया तथा लोकतान्त्रिक संस्कृतिको विकासमा युवाको भूमिकाबारे अभिमुखीकरण दिइएको थियो ।

आयोगले हालै ललितपुरको कुपण्डोलस्थित नाइटिङ्गेल इन्टरनेशनल स्कुलका विद्यार्थीलाई विद्यालयमै पुगेर शिक्षा कार्यक्रम सञ्चालन गरी निर्वाचनसम्बन्धी विविध विषयमा अभिमुखीकरण दिएको थियो। आयोगको निर्वाचन शिक्षा तथा तालिम शाखाले निर्वाचन शिक्षा तथा सूचना केन्द्रले सोको समन्वय गरेको हो ।

चालु आर्थिक वर्षको यो नयाँ अभ्यासलाई निरन्तरता दिँदै आगामी दिनमा प्रदेश निर्वाचन कार्यालयमा पनि विस्तार गरिने र सेवा वडापत्र पठाइने जनाइएको छ। हाल आयोगसहित विराटनगर, पोखरा, धनगढी र सुर्खेतका सूचना केन्द्रमार्फत यो कार्यक्रम निरन्तर सञ्चालन भइरहेको आयोगले जनाएको छ ।

## काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय परिषद्ले सञ्चालन गर्ने

काठमाडौं । भाडासम्बन्धी विवादका कारण चार महिनादेखि तालाबन्द रहेको भृकुटीमण्डपस्थित काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय अब समाज कल्याण परिषद्को मातहतमा सञ्चालन हुने भएको छ ।

महिला, बालबालिका तथा लैङ्गिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीस्तरको यही साउन १९ गतेको निर्णयबमोजिम समाज कल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय, काठमाडौं, काठमाडौं महानगरपालिका-२८ र पुस्तकालयका प्रतिनिधिको उपस्थितिमा आज पुस्तकालयको ताला खोलिएको हो । तालबन्द भएको एक सय १४औं दिनमा पुस्तकालय खोलिएपछि आम पाठकले सहजता महसुस गर्न पाउनेछन् ।

परिषद्को स्वामित्वमा रहेका भृकुटीमण्डपस्थितका पुस्तकालयलगायत कार्यालयहरूको लामो समयदेखिको भाडा बक्यौता विवाद भएकाले गत चैत ३० गतेदेखि पुस्तकालयमा समेत ताला लगाइएको थियो। परिषद्का प्रशासन प्रमुख खगनाथ रेग्मीले पुस्तकालयले समाजलाई पत्र पठाउँदै अब आफूहरुले पुस्तकालय चलाउने र ताला खोल्न उपस्थितिका लागि आग्रह गर्नुभएको थियो । पुस्तकालय समाजका अध्यक्ष प्रा डा गोविन्दराज पोखरेलले परिषद्को पत्र बमोजिम ताला खोल्न पुस्तकालयका तर्फबाट व्यवस्थापक लीलाप्रसाद भट्टराईलाई प्रतिनिधि तोक्नुभएको थियो। सर्वसाधारणका लागि पहुँच पुग्ने सो क्षेत्रमा ३४ र ६८ गरी दुई भवनबाट पुस्तकालय सञ्चालन हुँदै आएको थियो ।

परिषद् र पुस्तकालयबीच २०६६ सालदेखि भाडा सम्झौता नहुँदा दुई पक्षबीच बक्यौता विवाद भएको थियो । पुस्तकालय समाजले यो सेवाको क्षेत्र भएकाले आफूहरुले भाडामा पाउँदै आएको ७५ प्रतिशत छुटको सुविधा कायम हुनुपर्ने आग्रह गर्दै २५ प्रतिशतबाट हुन आउने भाडा रकम तिर्दै आएको छ । परिषद्ले पूर्ण भाडा दिनुपर्ने भन्दै सोवापत् रु दुई करोड ८५ लाख बक्यौता बाँकी रहेको जनाएको छ । यही विवादमा भाडा सम्झौता हुन सकेको थिएन। पुस्तकालयका व्यवस्थापक भट्टराईले परिषद्को मातहतमा चल्ने भएपछि सञ्चालनको ढाँचाका विषयमा विस्तृत छलफल हुन बाँकी रहेको बताउनुभयो । पुस्तकालय समाजले परिषद्सँगको सम्झौता अनुसार ७५ प्रतिशतसम्म छुट पाउँदै आएकामा पूर्ण भाडा मागेपछि विवाद उत्पन्न भएपछि काठमाडौं महानगरपालिकालाई पनि पुस्तकालयले गुहार मार्दै आएको थियो । विगतमा शिक्षा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश सरकार र काठमाडौं महानगरपालिकाबाट नियमित वा पटके अनुदान पाएमा पछिल्ला वर्षमा त्यो क्रम टुटेपछि पुस्तकालयलाई आर्थिक सङ्कट परेको थियो। पुस्तकालय सञ्चालन र व्यवस्थापन का लागि करिब वार्षिक रु एक करोड खर्च हुँदै आएको छ। भाडाको बक्यौताको विवादका नाममा आम पाठकले सहज पढ्न पाउने सार्वजनिक पुस्तकालय बन्द हुन नहुने आवाज बौद्धिक वर्ग र नागरिकस्तरमा उठेको थियो । विसं २०६० मा खोलिएको सो पुस्तकालयमा करिब ५० हजारभन्दा बढी पुस्तक रहेकामा ७० प्रतिशत उपहार मार्फत प्राप्त भएका छन् भने उपकरणलगायत अन्य प्रबन्धका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाले पनि सघाएका छन्। पुस्तकालय मा पाँच हजार वार्षिक ग्राहक छन् भने दैनिक एक सय ५० अध्ययनकर्ता हुने गरेका छन्।

शिक्षा तथा खेलकुद मन्त्रालयले 'रिड नेपाल'लगायत संस्थासँग सन् २०२२ मा गरेको अध्ययन अनुसार हाल मुलुकमा नौ सय २७ सार्वजनिक तथा सामुदायिक पुस्तकालय सञ्चालित छन्। पुस्तकालय बचाउका एक अभियन्ता लेखक/सम्पादक विमल आचार्यले लामो समयको बहस र छलफलपछि ढिलै भएपनि पुस्तकालयको ताला खुल्नु सकारात्मक भएको भन्दै यसको नियमित र सुसञ्चालनमा सरकारले पारदर्शीरुपमा कार्यविधि बनाएर तत्काल काम गर्नुपर्ने बताउनुभयो । पुस्तकालयका संस्थापक, दाता र समाजसेवीहरूसँग पनि परामर्श गरेर निर्णय लिन आग्रह गर्नुभयो ।

## एलपी ग्यासको आपूर्ति केही दिनमै सहज हुन्छ

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बजारमा खाना पकाउने एलपी ग्यासको आपूर्ति केही दिनभित्रै सहज हुने जनाएको छ । मन्त्रालयले उपभोक्तालाई अफवाह वा भ्रमपूर्ण सूचनाको पछि नलागी आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न तथा अनावश्यक सञ्चय नगर्न आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीद्वारा मङ्गलबार जारी विज्ञप्तिमा अघिल्ला वर्षको यही अवधिको तुलनामा हाल नियमित माग धान्न सक्ने परिमाणभन्दा बढी एलपी ग्यास आयात र वितरण भइरहेको उल्लेख गरिएको छ ।

मन्त्रालयका अनुसार बढ्दो माग र आपूर्तिबीच सन्तुलन कायम गर्न सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी आपूर्ति तथा वितरण व्यवस्थालाई थप प्रभावकारी बनाउने काम भइरहेको छ। यस्तै, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ। नेपाल आयल निगम र ग्यास उद्योगीसँगको समन्वयमा ग्यासको आयात, भण्डारण र वितरणलाई पारदर्शी तथा अनुमानयोग्य बनाउने सुधारका काम पनि सुरु गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले वैकल्पिक सिलिन्डर नभएका सर्वसाधारण उपभोक्तालाई पहिचान गरी प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराउन आग्रह गरेको छ ।

त्यसैगरी, कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, कानुनविपरीत कार्य गर्ने वा उपभोक्तालाई अनावश्यक दुःख दिने व्यक्ति वा संस्थामाथि प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने मन्त्रालयले चेतावनी दिएको छ ।

## सौराहाको मध्यवर्ती क्षेत्रमा नयाँ जंगली हात्ती

चितवन । चितवन राष्ट्रिय निकुञ्जको सौराहा क्षेत्रमा नयाँ जङ्गली हात्ती देखिन थालेको छ । झन्डै दुई साताहेखि अन्दाजी १८-१९ वर्षको जङ्गली हात्ती देखिन सुरु गरेको हो ।

निकुञ्जका सहायक संरक्षण अधिकृत प्रविन पौडेलका अनुसार हात्ती सौराहाको मध्यवर्ती वन क्षेत्रमा रहने गरेको छ । केही दिनअघि हात्ती प्रजनन् केन्द्र पुगेको यस हात्तीलाई त्यहाँ आउने अन्य जङ्गली हात्तीबाट लखेटिएको जनाइएको छ ।

अहिले सौराहास्थित निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका हात्ती भएका ठाउँमा आउने गरेको उहाँले बताउनुभयो। यस हात्तीले अहिलेसम्म मानव बस्तीमा पसेर दुःख दिएको छैन। संरक्षण अधिकृत पौडेलका अनुसार यस्ता हात्ती बथानबाट लखेटिएर एक्लिने गर्दछन् । बथानको नेतृत्व पोथी हात्तीले सम्हाल्ने गर्दछ। अल्लारे उमेरका यस्ता भाले हात्तीले उपद्रो मच्चाएमा बथानका कमाण्डरले लखेट्ने गरेको अध्ययनहरूले देखाएको उहाँले जानकारी दिनुभयो। अहिले धेरै समय यसले सौराहाका मध्यवर्ती क्षेत्रमा विचरण गरेर बिताउने गरेको छ भने कहिलेकाहीं पोथी हात्तीहरूको खोजीमा सौराहाको हात्तीसारमा पुग्ने गरेको छ ।

अहिले निकुञ्जमा ध्रुवे, गोविन्दे, रोनाल्डोजस्ता जङ्गली हात्ती एक्लिएर बसेका छन् । चितवन राष्ट्रिय निकुञ्जमा पहिले-पहिले रोमियो, नानापाटेकर, मकुनाजस्ता हात्तीहरू रहेका थिए । तीमध्ये मकुनाले आक्रमण गर्न खोजेपछि आत्मरक्षाका लागि गोली चलाउँदा मकुना मरेको थियो ।

## मकवानपुरमा योग साधनाप्रति आकर्षण बढ्दो

बागमती । पतञ्जली योग समिति, मकवानपुरले दुई दशकको अन्तरालमा एक हजार ५०० योग शिक्षक तयार गरेको छ।

योगका माध्यमबाट स्वास्थ्य प्रवर्द्धन, चरित्र निर्माण र आरोग्यतासँगै राष्ट्र निर्माणमा योगदान गर्ने उद्देश्यले योग शिक्षक तयार पारिएको पतञ्जली योग समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो।

पतञ्जली योग समितिको स्थापना २०६४ साल साउन ४ गते भएको हो । जिल्लामा महिला पतञ्जली योग समिति र पतञ्जली योग युवा समितिसमेत क्रियाशील छन्। योगगुरुले विभिन्न स्थानमा पुगी योग साधनाका बारेमा प्रशिक्षण दिने व्यवस्था छ। "जिल्लामा योग साधनाप्रति आकर्षण बढ्दो क्रममा छ", थापाले भन्नुभयो, ।

"वार्षिक कार्यक्रमका साथ समय समयमा बृहत् योग शिविर, मझौला योग शिविरका साथै साना योग शिविर पनि सञ्चालन गरिरहेका छौं ।"

जिल्लाका ४६ ठाउँमा योग साधना केन्द्र छन्। हाल ३५ स्थानमा सक्रियतापूर्वक नियमित योग साधना सञ्चालन भइरहेको छ। साधनामा युवालाई थप आकर्षण गर्न सकिएको छैन ।

जिल्लाका सात स्थानमा बाल संस्कार सेवा कार्यक्रम सञ्चालन भएको छ । योग साधनामा सहयोग गर्ने सहयोग शिक्षकका लागि हेटौंडा उपमहानगर पालिका वडा नं ५ स्थित वडा कार्यालय भवन र हेटौंडा-६ स्थित शुभम् पार्टी प्यालेसमा १५ दिने सहयोग शिक्षक तालिम पनि सञ्चालन भइरहेको छ। योग साधना कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्न हेटौंडा उपमहानगरपालिका तथा वडा कार्यालयले विभिन्न सहयोग पुर्याउँदै आएको बताइन्छ ।

## सुनसरी-सिरहा घटनाका मृतकलाई क्षतिपूर्ति र घाइतेको उपचार सरकारले गर्ने

काठमाडौं । सरकारले सुनसरी र सिरहामा हालै भएका प्रदर्शनका क्रममा ज्यान गुमाएका तथा घाइते भएकाहरूलाई क्षतिपूर्ति, राहत र उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले उक्त निर्णय गरेको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले राससलाई जानकारी दिनुभयो ।

बैठकले विश्वविद्यालय अनुदान आयोगको रिक्त अध्यक्षमा प्रा डा खड्गबहादुर केसी (पर्वत) र सचिवमा प्राध्यापक डा रोजी श्रेष्ठ (भोजपुर)लाई नियुक्त गर्ने निर्णय गरेको छ। त्यसैगरी, बैठकले तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ ।

नेपाल इन्टरमोडेल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्ने निर्णय भएको छ ।

यसैगरी, पशुवधशाला र मासु जाँच ऐन, २०५५ चरणबद्ध रूपमा देशभर लागू गर्ने, बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय भएको छ ।

## भूमिगत विद्युतीय तारबाट लाइन जोड्न थालियो

चितवन। नेपाल विद्युत् प्राधिकरणअन्तर्गतको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले भरतपुरमा ग्राहककामा विद्युत लाइन जोड्न थालनी गरेको छ। मङ्गलबारबाट भूमिगत लाइनमा चार्जिङको काम सुरु गरिएको थियो। आयोजनाले भरतपुरमा तीन सय सेवाग्राहिको घरमा लाइन जोडिसकेको छ।

आयोजनाले अहिलेसम्म ९४ प्रतिशत काम सकिसकेको जनाएको छ । ग्राहकको घरमा लाइन जडानको काममात्र बाँकी रहेको छ । आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीका अनुसार सेवाग्राहिका घरमा जडान गर्ने कामसमेत तीव्र पारिएको छ । उहाँले भन्नुभयो, "अहिलेसम्म तीन सय जना ग्राहकको घरमा भूमिगत प्रक्रियाबाट लाइन जडानको काम सकिएको छ ।" भरतपुर महानगरपालिकाको छ लेन सडक र बाइपास सडकको २० किलोमिटर क्षेत्रफलमा भूमिगत पद्धतिबाट लाइन प्रसारण गरिने छ । यसमा एक हजार ३०० ग्राहककोमा भूमिगत विद्युतीकरणबाट विद्युत् वितरण गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "ग्राहकको घरघरमा भूमिगत विद्युतीकरणबाट लाइन पुर्याएका छौं, अब जडानको काम बाँकी छ।"

अहिले केन्द्रीय बस टर्मिनलबाट नहरचोकसम्म दाहिनेतर्फका घरहरू, गणेशस्थान क्षेत्र र चितवन मेडिकल कलेजबाट चौबिसकोठी क्षेत्रमा रहेका घरहरूमा भूमिगत विद्युतीकरणबाट विद्युत् वितरण गरिएको जानकारी दिनुभयो ।

## गण्डकी प्रदेशमा रोपाइँ ९९ दशमलव ३९ प्रतिशत

गण्डकी । गण्डकी प्रदेशमा हालसम्म ९९ दशमलव ३९ प्रतिशत रोपाइँ भइसकेको छ । प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार ९३ हजार ६०६ हेक्टरमा रोपाइँ भइसकेको छ ।

छिटपुटबाहेक अधिकांश क्षेत्रमा रोपाइँ सकिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ शशी अधिकारीले बताउनुभयो । साउन अन्तिमसम्ममा सबै ठाउँमा रोपाइँ भइसक्ने उहाँको भनाइ छ ।

प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी करिब एक लाख हेक्टरमा धानखेती हुने गरेको छ ।

नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ । हिमालपारिका मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । पछिल्लो समय प्रदेशमा रोपाइँको क्षेत्रफल भने बर्सेनि घट्दै गएको पाइएको कृषि अर्थविज्ञ अधिकारीले बताउनुभयो ।

चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो । त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो ।

गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएको थियो । जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती विस्तार तथा पूर्वाधार विकासले धानखेतीको क्षेत्रफल घट्दै गएको पाइएको हो ।

गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिँदैआएको छ । गोरखाको छेप्टेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानखेतीको पकेट क्षेत्र हुन् ।

यस्तै पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायत क्षेत्रलाई धानका लागि पकेट क्षेत्र तोकिएको छ ।

## पदयात्रामा गएका तीन युवक सम्पर्कविहीन

गण्डकी । मर्दी हिमाल पदयात्राबाट फर्कने क्रममा कास्कीको पोखरा महानगरपालिका-१४ का अजित जिसी, युकेश गुरुङ र दीपेश गुरुङ सम्पर्क विहीन भएका छन् ।

माछापुछ्रे गाउँपालिका-९ बादल डाँडा नजिकको जङ्गलमा बाटो बिराएर अलपत्र परेको हुन सक्ने आशङ्का गरी प्रहरीले खोजी कार्य तीव्र पारेको जनाएको छ । युवकहरुको मोबाइल बन्द रहेको माछापुछ्रे-६ भैँडाबारीस्थित अस्थायी प्रहरी पोष्टका प्रहरी हवल्दार जीवन बरालले जानकारी दिनुभयो ।

"मर्दी हिमालको हाइ क्याम्पबाट फर्कने क्रममा बाटो बिराएर जङ्गलमा अलपत्र परेको भन्ने सूचनापछि बिहानैदेखि खोजीकार्य भइरहेको छ", उहाँले भन्नुभयो ।

## नेप्सेमा सामान्य सुधार, चार अर्ब ४० करोडभन्दा बढीको कारोबार

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापक नेपाल स्टक एक्सचेञ्ज ( नेप्से) परिसूचक बुधबार सामान्य अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७९ अङ्कले बढेर दुई हजार ६६७ दशमलव ९७ बिन्दुमा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६० अङ्कले बढेर ४६७ दशमलव ३६ बिन्दुमा पुगेको छ । त्यसैगरी, फ्लोट परिसूचक शून्य दशमलव ०३ अङ्कले घटेर १८३ दशमलव २९ बिन्दुमा झरेको छ भने सेन्सेटिभ फ्लोट परिसूचक शून्य दशमलव ३० अङ्कले घटेर १५८ दशमलव २६ बिन्दुमा सीमित भएको छ । बुधबार विभिन्न कम्पनीका एक करोड ६७ हजार ७३२ कित्ता शेयर रु चार अर्ब ४० करोड ९८ लाख ८६ हजार ४५७ मा खरिदबिक्री भएको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक बढेको छ भने आठ उपसमूहको परिसूचक घटेको छ । बुधबार एक सय २२ कम्पनीको सेयर मूल्य बढेको, एक सय ४३ कम्पनीको घटेको तथा ११ कम्पनीको सेयर मूल्य स्थिर रहेको नेप्सेले जनाएको छ ।

बुधबार सोलु हाइड्रोपावर लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र रिडी पावर कम्पनी लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन् ।

त्यसैगरी, एभरेष्ट कलर लिमिटेड, कामना सेवा विकास बैंक डिबेञ्चर र मञ्जुश्री फाइनान्स लिमिटेड डिबेञ्चरका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् ।

## तीन अन्तरराष्ट्रिय मानवअधिकारवादी संस्थालाई स्पष्टीकरण सोध्न निर्देशन

काठमाडौँ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले नेपालको न्यायालयको स्वतन्त्रताबारे सार्वजनिक वक्तव्य दिने तीन अन्तरराष्ट्रिय संस्थालाई स्पष्टीकरण सोध्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबारको बैठकले एम्नेस्टी इन्टरनेसनल, कमिसन अफ ज्युरिस्ट्स र ह्युमन राइट्स वाचले नेपालको न्यायपालिका तथा सार्वभौम सत्तासँग सम्बन्धित विषयमा न्यायिक अधिकारक्षेत्रसम्बन्धी अधिकारसमेतका सम्बन्धमा यही साउन ८ गते संयुक्त विज्ञप्ति प्रकाशन गरेको विषयमा स्पष्टीकरण सोध्न निर्देशन दिने निर्णय गरेको हो । सो विज्ञप्तिबारे सम्बन्धित संस्थाहरूबाट आधिकारिक प्रमाणसहित स्पष्टीकरण माग्न समितिले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई भनेको हो ।

समितिले स्वतन्त्र न्यायपालिकाको मर्म, शक्ति पृथकीकरणको सिद्धान्त तथा सुशासनको मान्यताअनुसार न्याय प्रशासनलाई अझ पारदर्शी उत्तरदायी र सेवामैत्री बनाउन आवश्यक पहल गर्न सरकारलाई सुझाव दिएको छ । साथै, आगामी बैठकहरूमा पनि यस विषयमा थप छलफल गर्ने निर्णय गरिएको छ । समितिले समाज कल्याण परिषद् ऐन, २०४९, समाज कल्याण नियमावली, २०४९ तथा प्रचलित कानुनबमोजिम मन्त्रालय एवं समाज कल्याण परिषद्बाट स्वीकृत हुने गैरसरकारी संस्थासँगको परियोजना सम्झौताको कार्यान्वयनलाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन पनि निर्देश गरेको छ । परियोजना सम्झौताअनुसार स्वीकृत उद्देश्य र गतिविधि कार्यान्वयन गरे-नगरेको विषयमा सूक्ष्म, प्रभावकारी र नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्न पनि समितिले सरकारलाई सुझाव दिएको छ । बैठकमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतम, सांसद र कानुन विज्ञसँग छलफलपछि उक्त निर्देशन दिइएको हो ।

## नेपाल राष्ट्र बैंक विधेयकः गभर्नरको पदावधिबारे अर्थ समितिमा छलफल

काठमाडौँ । अर्थ समितिमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथिको दफावार छलफलकामा केन्द्रीय बैंकको गभर्नर र सञ्चालक समितिको पदावधि यथावत् पाँच वर्ष राख्ने वा घटाउने विषयमा समितिका सदस्यहरूले फरक-फरक धारणा व्यक्त गर्नुभएको छ ।

समितिको बुधबार बैठकमा सांसद लिमा अधिकारीले गभर्नर र सञ्चालक समितिको पदावधि चार वर्ष कायम गर्नुपर्ने बताउनुभयो ।

सांसद सुशील खड्काले पनि हालको पाँच वर्षको पदावधिलाई घटाएर चार वर्ष कायम गर्न उपयुक्त हुने बताउनुभयो । समितिका अर्का सदस्य पारसमणि गेलालले भने गभर्नर र सञ्चालक समितिको पदावधि तीन वर्ष हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद परशुराम तामाङले पदावधि सकिएपछि कार्यसम्पादन सन्तोषजनक भएमा गभर्नर र सञ्चालक समितिका सदस्यको कार्यकाल एकपटक थप गर्न सकिने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो । सांसद पुष्पराज कँडेलले पनि पाँच वर्षको सट्टा चार वर्ष पदावधि उपयुक्त हुने बताउँदै कार्यकाल एकपटक थप गर्न सकिने व्यवस्था हुनुपर्छ भन्नुभयो । सांसद गणेश पराजुलीले पनि नेपाल राष्ट्र बैंक निश्चित विधि र प्रक्रियाअनुसार सञ्चालन हुने संस्था भएकाले गभर्नर र सञ्चालक समितिको पाँच वर्षे पदावधि यथावत् राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सांसद विदुषी राणाले गभर्नर, डेपुटी गभर्नर र सञ्चालक समितिका सदस्य नियुक्तिका लागि योग्यता फरक-फरक निर्धारण गर्नुपर्ने सुझाव दिनुभयो । अर्थ समितिका सभापति डा कृष्णहरि बुढाथोकीले गभर्नर तथा सञ्चालक समितिको पदावधि कति वर्ष कायम गर्ने, कार्यकाल थप गर्ने वा नगर्ने विषयमा समितिमा छलफल जारी रहेको जानकारी दिनुभयो ।

## आर्थिक रूपान्तरणमा राष्ट्र बैंकको सक्रिय भूमिका आवश्यक छः अर्थमन्त्री

काठमाडौँ । अर्थमन्त्री स्वर्णीम वाग्लेले नेपाल राष्ट्र बैंकलाई केवल नियामक संस्थाका रूपमा नभई नेपालको आर्थिक रूपान्तरणको सहयात्री र सहनिर्माताका रूपमा अघि बढ्नुपर्ने बताउनुभएको छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँग बुधबार अर्थ मन्त्रालयमा भएको छलफलमा राष्ट्र बैंकले नियामक निकायको भूमिकासँगै मुलुकको आर्थिक रूपान्तरणमा सक्रिय साझेदारको भूमिका निर्वाह गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

"छलफल कुनै औपचारिक टिप्पणीमा सीमित रहने छैन । यहाँ उठेका प्रत्येक विषयलाई कार्ययोजनामा रूपान्तरण गरिनेछ । आवश्यक परे संयुक्त कार्यदल बनाउनेछौँ, नीतिगत समन्वय लाई संस्थागत गर्नेछौँ र निर्णय प्रक्रियालाई अझ छरितो बनाउनेछौँ," उहाँले भन्नुभयो, "हामीसँग अहिले दुर्लभ अवसर छ । सुधारको राजनीतिक इच्छाशक्ति छ । आर्थिक स्थायित्वको आधार बनेको छ । निजी क्षेत्र अवसरका लागि तयार छ । अब राज्यका संस्थाहरूले पनि एउटै आत्मविश्वास, एउटै स्पष्टता र एउटै गतिका साथ अघि बढ्नुपर्छ । यदि सरकार, नेपाल राष्ट्र बैंक, बैंकिङ क्षेत्र र निजी क्षेत्र एउटै दिशामा अघि बढे भने नेपालको आर्थिक रूपान्तरण केवल कल्पना रहने छैन, त्यो कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ ।"

अर्थमन्त्री वाग्लेले सरकारले घोषणा गरेका आर्थिक सुधारलाई सफल बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक नीतिगत पहलका विषयमा सुझाव दिन कार्यकारी निर्देशकहरूलाई आग्रह गर्नुभयो । उहाँले उत्पादनमुखी क्षेत्रमा कर्जा प्रवाह कसरी बढाउन सकिन्छ भन्ने विषयमा विशेष चासो व्यक्त गर्नुभयो । "बैंकिङ प्रणालीमा रहेको अधिक तरलतालाई उत्पादन, उद्योग र रोजगारीमा कसरी रूपान्तरण गर्न सकिन्छ ? पूँजी बजार, रियल इस्टेट, बैंकिङ प्रणाली र वास्तविक अर्थतन्त्रबीच स्वस्थ सम्बन्ध कसरी निर्माण गर्न सकिन्छ ?" उहाँले भन्नुभयो, "मौद्रिक नीति र वित्तीय नीतिबीचको समन्वयलाई अझ प्रभावकारी कसरी बनाउने ? डिजिटल वित्त, फिनटेक, वैकल्पिक वित्त, स्टार्टअप वित्तपोषण र नयाँ वित्तीय उपकरणलाई कसरी सहज बनाउने भन्ने विषयमा पनि जानकारी गराउनुहोला ।" अर्थमन्त्री वाग्लेले नियमनको उद्देश्य केवल नियन्त्रण गर्नु नभई उत्पादनशील आर्थिक गतिविधिलाई सक्षम बनाउनु हुनुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालको नियामक प्रणालीले नवप्रवर्तनलाई रोकिरहेको छ वा प्रोत्साहन गरिरहेको छ भन्ने प्रश्नको उत्तर आफैँसँग खोज्नुपर्ने बेला आएको बताउनुभयो ।

"हामी 'यो सम्भव छैन' भन्ने सोचबाट होइन, 'यसलाई सम्भव बनाउन के गर्नुपर्छ' भन्ने सोचबाट छलफल गरौँ," उहाँले भन्नुभयो, " मुलुकलाई सबैभन्दा बढी आवश्यक परेको कुरा नीतिगत आत्मविश्वास हो ।" उहाँले दोहोर्‍याउनुभयो ।

## शून्य फोहर महाअभियान सुरु गर्दै हेटौँडा उपमहानगरपालिका

बागमती । हेटौँडा उपमहानगरपालिकाले यही साउन महिनाभित्रै शून्य फोहर महाअभियान सुरु गर्न लागेको छ ।

हेटौँडा बागमती प्रदेशको केन्द्रका रुपमा रहेको उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८३/८४ लाई 'पर्यटन वर्ष' घोषणा गरेकाले त्यस पक्षलाई दृष्टिगत गरी शून्य फोहर महाअभियान सुरु गर्न लागिएको वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखाका प्रमुख सत्यदेवी अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले उपमहानगरपालिका क्षेत्रभित्रका सरकारी, निजी सबै सङ्घ संस्था, कार्यालय, विद्यालय, टोल विकास संस्थाहरूमा सूचना तथा पत्राचार गरी यही साउन २२ गते बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म आ-आफ्नो कार्यालय क्षेत्र परिसर सरसफाइ गरी महाअभियानलाई सफल पार्न स्थानीय सरोकारवाला सबैलाई अनुरोध गरेका छौँ ।"

## राजनीतिक स्थायित्वलाई कमजोर नपार्न आग्रह

दाङ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकको विकास र राजनीतिक स्थायित्व अहिलेको आवश्यकता भएको बताउँदै राजनीतिक स्थायित्वलाई कमजोर पार्ने गतिविधि हुन नहुनेमा जोड दिनुभएको छ ।

प्रेस चौतारीले बुधबार (हिजो) तुलसीपुरमा आयोजना गरेको पत्रकार भेटमा उहाँले बितेका तीन दशकमा देशले भौतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा उल्लेखनीय प्रगतिका साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी निर्वाचन प्रणाली लगायत विविध क्षेत्रमा उपलब्धिको हासिल गरेको बताउँदै प्राप्त उपलब्धिको रक्षा हुनुपर्छ भन्नुभयो । देशलाई आर्थिक विकासको बाटोमा अग्रसर गराउन अपरिहार्य भएको विचार व्यक्त गर्दै महासचिव पोखरेलले राष्ट्रको उन्नतिका निम्ति वर्तमान सरकारले सार्वजनिक गरेका १०० बुँदे प्रतिबद्धताबाट जनतामा आशा पलाएको बताउनुभयो । महासचिव पोखरेलले सरकार र राजनीतिक दलहरूले नयाँ पुस्ताको अपेक्षाअनुसार आफूलाई निरन्तर सुधार गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । "हामी पनि आफ्नो पार्टीलाई सुधार गर्दै अघि बढ्ने छौँ," उहाँले भन्नुभयो ।

## तथ्याङ्क नियमावली संशोधन स्वीकृत, सूक्ष्म तथ्याङ्कको शुल्क घटाइयो

काठमाडौँ । सरकारले तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को बुधबारको बैठकले उक्त नियमावली स्वीकृत गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअनुसार सूक्ष्म कोरा तथ्याङ्क तथा गणना क्षेत्र नक्सा उपलब्ध गराउँदा लाग्ने शुल्कमा संशोधन गरिएको छ ।

यसअघि गणना शीर्षकमा नेपालस्थित विद्यालय/कलेज/ विश्वविद्यालयका विद्यार्थीका लागि लाग्ने शुल्क रु चार हजार रहेकामा रु दुई हजार कायम गरिएको छ भने सर्वेक्षणअन्तर्गत नेपालस्थित विद्यालय/ कलेज/ विश्वविद्यालयका विद्यार्थीका लागि लाग्दै आएको रु दुई हजार ५००बाट घटाएर रु एक हजार २०० कायम गरिएको छ । साथै, गणना क्षेत्र नक्सा शीर्षक थप गरी संस्थाका लागि रु २०० र अन्तरराष्ट्रिय गैरसरकारी संस्थाका लागि रु ३०० शुल्क निर्धारण गरिएको छ ।

साथै तथ्याङ्क सङ्कलनका लागि जनशक्ति खटाउनुपूर्व कार्यालयले जारी गरेको तालिम सञ्चालनसम्बन्धी निर्देशन बमोजिम सैद्धान्तिक र व्यावहारिक पक्ष समेट्ने गरी तालिम सञ्चालन गर्नुपर्ने विषय थप गरिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com